annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक २६० पृष्ठ ८ | काठमाडौं, शुक्रबार ११ माघ २०८१ | मार्ग कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४५ | FRIDAY, JANUARY 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी


# दिगो विकास लक्ष्य हासिल गर्न अनुदानमा फेरियो रणनीति

## ५०-५० प्रतिशत अनुदान खारेज, २० देखि ८० प्रतिशतसम्म कार्यान्वयन गरिने

दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकारले समपूरक र विशेष अनुदानको वितरण रणनीति परिवर्तन गर्ने भएको छ। हालसम्म यस्तो अनुदान केन्द्र र स्थानीय तहले ५०-५० प्रतिशत गर्दै आएकोमा अब न्यूनतम २० प्रतिशतदेखि अधिकतम ८० प्रतिशतसम्म तोक्ने भएको हो।




ममता थापा | काठमाडौं

– को रिपोर्ट

समाचार पृष्ठ २

# २३ स्थानीय तहमा कनिष्ठलाई दिइएको प्रशासकीय जिम्मेवारी खारेज

सुरेन्द्र काफ्ले | काठमाडौं

सिनियर (वरिष्ठ) हुँदाहुँदै जुनियर (कनिष्ठ)लाई जिम्मेवारी दिएपछि देशभरका २३ स्थानीय तहका निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी रद्द गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका १० नगरपालिका र १३ गाउँपालिकामा निमित्त भै कार्य गर्न प्रदान गरिएको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यो विषयमा उजुरी परेको थियो। अख्तियारले जुनियर कर्मचारीलाई के कारणले निमित्त दिएको भनेर सोधेपछि मन्त्रालय यो निर्णयमा पुगेको हो। मन्त्रालयका प्रवक्ता एवं सहसचिव कालीप्रसाद पराजुलीले सिनियर भएको स्थानमा जुनियरलाई राखेको भन्दै अख्तियारले सिनियरलाई जिम्मेवारी दिएको निर्देशनअनुसार नै मन्त्रालयले यो निर्णय गरेको जानकारी दिए।

कतिपय स्थानीय तहले आफू अनुकूल काम गराउन अहेवलाई समेत निमित्त बनाएर राखेका थिए। प्रशासन सेवाको कर्मचारी नै प्रमुख प्रशासकीय अधिकृत हुने मान्यता भए पनि कृषि, स्वास्थ्य लगायतका सेवाका कर्मचारीलाई पनि यो जिम्मेवारी दिइएको पाइएको छ। मन्त्रालयबाट पठाएका कर्मचारीसँग जनप्रतिनिधिहरू काम गर्न हच्किने भएको कारणले उनीहरू आफैले अनुकूल कर्मचारी छानेर निमित्त बनाएका थिए।

स्थानीय तहले आफू खुसी नियमविपरीत त्यहाँ कार्यरत कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर कामकाजको लागि खटाएका थिए।




धनुषाको धनुषाधाम नगरपालिकामा संजितप्रसाद दास, सप्तरीको कञ्चनरुप नगरपालिका नवराज खड्का, सिरहाको सिरहा नगरपालिकामा बलिराम यादव, महोत्तरीको लोहरपट्टी नगरपालिकामा बदरुल अन्सारी र भँगाहा नगरपालिकामा विजयकुमार यादवलाई निमित्त बनाएर सम्बन्धित नगरपालिकाले नै खटाएको थियो। उनीहरू स्थानीय तहका छैटौं अधिकृत हुन्।

बाराको महागढीमाई नगरपालिकामा विजयप्रसाद कुशवाहा, पर्साको पोखरियाका अजयकुमार श्रीवास्तव, जाजरकोटको छेडागाडका गंगबहादुर रोकाय, अछामको मंगलसेनका खकेन्द्रबहादुर सोडारी र दार्चुलाको महाकाली नगरपालिका नरसिंह बडालको जिम्मेवारी खोसिएको छ।

» बाँकी पृष्ठ ६

# डाक्टरको लाइसेन्समा ६८% फेल

दिनेश गौतम | काठमाडौं


चिकित्सा शिक्षामा स्नातक तह एमबीबीएस र बीडीएसको चिकित्सक दर्ता प्रमाणपत्र (लाइसेन्सिङ) परीक्षामा झन्डै ६८ प्रतिशत परीक्षार्थी फेल भएका छन्।

नेपाल मेडिकल काउन्सिलले लिएको लाइसेन्सिङ परीक्षामा सहभागीमध्ये दुईतिहाइभन्दा बढी परीक्षार्थी अनुत्तीर्ण भएका छन्। मंगलबार र बुधबार चिकित्सक दर्ता प्रमाणपत्रको परीक्षा भएको थियो।

काउन्सिलका रजिष्ट्रार डा. सतिसकुमार देवका अनुसार, एमबीबीएस र बीडीएसतर्फ कुल ८ सय ४४ जना परीक्षामा सहभागी थिए। जसमध्ये २ सय ६२ जना (३१ दशमलव शून्य ४ प्रतिशत) मात्र उत्तीर्ण भएका छन्। कुल ५ सय ८२ जना (६८ दशमलव ९६ प्रतिशत) अनुत्तीर्ण भएको काउन्सिलले जनाएको छ। एमबीबीएसतर्फ ६७ दशमलव ९९ र बीडीएसतर्फ ७६ दशमलव ९२ प्रतिशत परीक्षार्थी लाइसेन्सिङ परीक्षामा अनुत्तीर्ण भएका छन्।

मेडिकलतर्फ ७ सय ७० जनाले लाइसेन्सिङ परीक्षामा फारम भरेका थिए। जसमध्ये १७ जना अनुपस्थित थिए। ७ सय ५३ जनाले परीक्षामा सहभागिता जनाउँदा २ सय ४१ जना (३२ दशमलव शून्य १ प्रतिशत) मात्र उत्तीर्ण भए। मेडिकलतर्फ ७ जनाको नतिजा रोकिएको छ। ५ सय १२ जना अनुत्तीर्ण भएका छन्।

» बाँकी पृष्ठ ३




# इनरुवा-पूर्णिया र दोदुधारा-बरेली प्रसारणलाइनको मोडालिटीमा सहमति

नेपाल-भारत ऊर्जा सहसचिवस्तरीय संयुक्त कार्यदलको बैठक



सुनिता कार्की | काठमाडौं

नेपाल-भारत ऊर्जा सहसचिवस्तरीय संयुक्त कार्यदल (जेडब्लूजी) को बैठकले दुई अन्तरदेशीय प्रसारणलाइन निर्माणको मोडालिटी (प्रारूप) टुंगो लगाएको छ। जेडब्लूजीको बुधबार भारतको नयाँदिल्लीमा सम्पन्न बैठकले इनरुवा-पूर्णिया र दोदुधारा-बरेली ४ सय केभी प्रसारणलाइन निर्माणको मोडालिटिमा सहमति जनाएको हो।

बैठकले सेयर अनुपात ५१ र ४९ प्रतिशत हुने गरी प्रसारण लाइन निर्माण अघि बढाउने सहमति जनाएको ऊर्जा मन्त्रालय स्रोतले भन्यो। नेपालको तर्फबाट ऊर्जा मन्त्रालयका सहसचिव सन्दिव देवले नेतृत्व गरेको उक्त बैठकले दुई वर्षदेखि टुंगो लगाउन नसकेको यी प्रसारणलाइन निर्माणको मोडालिटी टुंगो लगाएको हो। सहमति अनुसार नेपाल-भारत संयुक्त कम्पनी बन्ने र आ-आफ्नो क्षेत्रको प्रसारणलाइनमा ५१ प्रतिशत सेयर रहनेछ। निर्माण हुने प्रसारणलाइनको नेपाल खण्डमा प्राधिकरणको ५१ प्रतिशत र भारतको पावरग्रिड कर्पोरेसन लिमिटेड (पीजीसीएल) को ४९ प्रतिशत हुने र भारत खण्डमा भारतको ५१ र नेपालको ४९ प्रतिशत हुने भएको छ।

यो निर्णयलाई अब चाँडै बस्ने दुवै देशको ऊर्जा सचिवस्तरीय संयुक्त सञ्चालन समिति (जेएससी)को बैठकले अनुमोदन गर्ने जनाइएको छ। गत वर्षको जेडब्लूजी बैठकमा नै टुंगो लगाउन खोजिएको यी प्रसारणलाइनको मोडालिटीमा नेपाल-भारत सहमति जुट्न सकेको थिएन। बुटवल-गोरखपुर प्रसारणलाइनको मोडालिटी ५०-५० सेयर स्वामित्वमा नजाने नेपाल पक्षको अडान र यसमा नै अघि बढ्ने भारतीय पक्षको अडानका कारण गत वर्ष यो विषय अघि बढ्न सकेको थिएन।

गत वर्षको जनवरी २ र ३ (२०८० साल पुस १७ र १८ गते) मा भएको जेएससी बैठकले नै आगामी बैठक पहिला जेडब्लूजीको हुने र त्यहाँबाट प्रसारणलाइन निर्माणको मोडालिटी टुंगो लागेमात्र जेएससीको बैठक बसेर अनुमोदन गर्ने निर्णय भएको थियो।

यो विषयमा ऊर्जामन्त्री दीपक खड्काको पछिल्लो भारत भ्रमणका क्रममा पनि विषय उठान भएको थियो। मन्त्री खड्काले भारत भ्रमणको क्रममा भारतीय विद्युत् मन्त्री मनोहरलाल खट्टरसँगको भेटवार्तामा यो दुई प्रसारणलाइनको विषय टुंग्याउन पहल गरेको मन्त्रालय स्रोत बताउँछ।

» बाँकी पृष्ठ ६